# स्नातक तहको पाठ्यक्रममा आधुनिक नेपाली गीतगजल

*ढुण्डिराज पहाडी**


## लेखसार

*प्रस्तुत आलेख त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत ऐच्छिक नेपाली विषयको चार बर्से बी.ए. को पाठ्यक्रममा निर्धारित पाठ्यांश सङ्केत नेपाली ४२६(ख) मा समाविष्ठ आधुनिक नेपाली गीत तथा गजलको उपादेयतासम्बन्धी सघन विश्लेषणामा केन्द्रित छ । स्नातक तहको ऐच्छिक नेपाली विषयमा पठनपाठन हुने गरी समेटिएको उक्त आधुनिक नेपाली गीत तथा गजल विद्यार्थीहरूलाई साहित्यका लोकप्रिय विधाउपविधाहरूमा अन्तर्निहित विशिष्ट प्रकृतिको सैद्धान्तिक तथा व्यावहारिक ज्ञान दिलाउने उद्देश्यले समावेश गरिएको हो । विद्यार्थीहरूलाई काव्य वा साहित्यशिक्षणले पैदा गराउने विशिष्ट चेतना तथा ज्ञान र सिपका बारेमा अध्ययन गरी उपलब्ध तथ्यहरूको विश्लेषणसहित यस आलेखमा विश्लेष्य विषयको पुष्टिका निम्ति गीत तथा गजलको सैद्धान्तिक अवधारणासमेतलाई आधार बनाइएको छ । नेपाली जनमनलाई आकर्षण गर्ने, राष्ट्रप्रेमको भावना पैदा गर्ने र सामाजिक सद्भाव र राष्ट्रिय एकताको विशिष्ट चेतना वृद्धि गर्ने सरल साहित्यका रूपमा लोकप्रिय हुँदै आएको गीतगजल उपविधा स्नातक तहमा अध्ययनरत विद्यार्थीका निम्ति पठनपाठनको विषय बन्नु शैक्षिक प्राज्ञिक दृष्टिले औचित्यपूर्ण छ भन्ने प्रस्तुत अनुसन्धानात्मक आलेखको निष्कर्ष रहेको छ ।*


**शब्दकुञ्जी :** प्रगीतात्मक कविता, सहभागितामूलक शिक्षण, काफिया, मिसरा, स्थायी, अन्तरा ।

## विषयपरिचय

ऐच्छिक नेपाली विषयको स्नातक तहको पाठ्यक्रम त्रि.वि. बाट २०७६/०७७ देखि लागु हुने गरी व्यवस्था गरिएको छ । वार्षिक प्रणालीअनुसार चार वर्षमा पढाइ पूरा हुने गरी निर्धारण गरिएको उक्त ऐच्छिक नेपाली विषयमा अध्ययनरत विद्यार्थीहरूले कम्तीमा प्रत्येक पाठ्यांशमा ४०% अङ्क प्राप्त गरे मात्र उत्तीर्ण हुने प्रावधान राखिएको छ । ४०% भन्दा बढी प्राप्ताङ्क हासिल गर्ने परीक्षार्थीको श्रेणी निर्धारणमा अक्षरप्रणालीलाई आधार बनाइएको छ । त्रि.वि. को विद्या परिषद्ले मानविकी सङ्कायका लागि तोकेको श्रेणीनिर्धारण पद्धतिअनुसार हरेक वर्षको वार्षिक परीक्षामा सरिक हुन परीक्षार्थीले मापदण्डबमोजिम आन्तरिक मूल्याङ्कन परीक्षा उत्तीर्ण हुनै पर्ने व्यवस्था गरिएको छ । वार्षिक परीक्षामा सामेल हुन ७०% उपस्थिति अनिवार्य गरिएको वर्तमान पाठ्यक्रमले ऐच्छिक

* पाटन संयुक्त क्याम्पस, पाटनढोका, ललितपुर

नेपाली विषय अध्ययन गर्ने विद्यार्थीलाई सहभागितामूलक शिक्षणक्रियाकलापमा संलग्न भई आफ्नो व्यावहारिक ज्ञान प्रभावकारी बनाउन जोड दिएको छ । पहिलो आन्तरिक मूल्याङ्कन १० अङ्क र दोस्रो २० अङ्क समेतको योगबाट हुने ३०% को अङ्क भार आन्तरिकतर्फ र ७०% मात्र बाह्य वार्षिक परीक्षामा रहने गरी निर्धारण गरिएको ऐच्छिक नेपाली विषयमा सैद्धान्तिकभन्दा प्रायोगिक क्रियाकलापमा विद्यार्थीलाई क्रियाशील बनाउने उद्देश्य राखेको देखिन्छ । नेपाली भाषा, साहित्य र लोकसाहित्यको क्षेत्रमा रहेका ऐतिहासिक तथा सैद्धान्तिक पक्षको व्यापक ज्ञान प्रदान गर्ने विषयगत उद्देश्य राखेको प्रस्तुत पाठ्यक्रमले आधुनिक नेपाली गीत तथा गजलको सिद्धान्त, नेपाली साहित्यमा गीतगजलको विकासप्रक्रिया एवम् प्रेमरस, देशभक्ति, प्रकृतिचित्रण लगायतका विविध भावधाराका सुन्दर गीतको आस्वादन र बोध विद्यार्थीलाई गराउन खोजेको छ । बी.ए. चौथो वर्षमा पठनपाठन हुने गरी निर्धारण गरिएको पाठ्यांश कोड नेपाली ४२४(ख) अन्तर्गतको आधुनिक नेपाली गीत तथा गजलमा शिक्षक-विद्यार्थी दुवैको सहकार्य र सहभागितामा आधारित सिकाइमा जोड दिएकाले पाठ्यक्रमले प्रायोगिक कार्यलाई सिकाइसँग जोड्न खोजेको देखिन्छ । कक्षा प्रस्तुतिका माध्यमबाट विद्यार्थीले आफूले सिर्जना गरेका गीतगजल समेत प्रस्तुत गरी सिर्जनात्मक उत्प्रेरणा प्राप्त गर्न सहज हुने अपेक्षा पाठ्यक्रमले राखेको छ । शिक्षकले नमुना दिने, सहजकर्ताका रूपमा विद्यार्थीको प्रस्तुतिमा सुधारात्मक टिप्पणी गरिदिने र गीतगजलको विश्लेषणका सन्दर्भमा सिद्धान्तमा आधारित सामग्री दिएर विवेचना गर्न विद्यार्थीलाई प्रोत्साहन गर्नुपर्ने सङ्केत पाठ्यक्रममा पाइन्छ । परियोजना कार्यका रूपमा यस पाठ्यांशको पठनपाठनमा संलग्न विद्यार्थीलाई स्तरीय गीतगजल सङ्कलन गर्न, रचना गर्न र सहपाठीका रचनालाई टिप्पणी गर्न अभिप्रेरित गराउन सकिन्छ ।

साहित्यशिक्षण बौद्धिक ज्ञानअभिवृद्धिका लागि मात्र होइन व्यक्तिलाई सिर्जनशील र भावनात्मक दृष्टिले सबल र सम्पन्न पार्दै उसको आत्मिक परिष्कार तथा संवेगात्मक सन्तुलन बढाउने दृष्टिले पनि गरिन्छ । राष्ट्रिय जीवन, संस्कृति, समाजको सोच र व्यवहार तथा समाजको बहुमुखी छविलाई पर्यवेक्षण गर्ने सुझबुझ एवम् समझदारीको विकासका लागि पनि साहित्यशिक्षणको उपादेयता महत्त्वपूर्ण मानिन्छ (अधिकारी, २०४६, पृ. १७५) । नेपाली साहित्यमा गीतकार तथा गजलकारहरूले सिर्जना गरेका विविध भाव, रस र शैलीका सुन्दर गीतगजलमा अभिव्यञ्जित यथार्थको सही परिप्रेक्ष्यमा विद्यार्थीलाई आस्वादन र विवेचना गराउन यस पाठ्यक्रमको उपादेयता महत्त्वपूर्ण छ । स्नातक तहको चार बर्से ऐच्छिक नेपालीमा आधुनिक नेपाली गीत तथा गजल समावेश गर्नुको औचित्यका सन्दर्भमा कुनै ठोस प्राज्ञिक विमर्श भएको देखिँदैन । अतः यस विषयको पठनपाठनको के कस्तो औचित्य र महत्त्व छ भन्ने प्रमुख प्राज्ञिक जिज्ञासा राखेर प्रस्तुत अध्ययन गरिएको हो ।

## अध्ययनको विधि

प्रस्तुत अध्ययनमा सामग्री सङ्कलनका लागि पुस्तकालयीय स्रोतको उपयोग गरिएको छ । स्नातक तहको ऐच्छिक नेपाली विषयको पाठ्यक्रम र त्यसमा निर्धारित गीत तथा गजललाई प्राथमिक

सामग्रीका रूपमा यस अध्ययनमा प्रयोग गरिएको छ । समालोचनात्मक ग्रन्थ तथा पाठ्यक्रमको सिद्धान्तसम्बन्धी विविध सूचना दिने पुस्तकहरूलाई प्रस्तुत अध्ययनका द्वितीयक सामग्री मानिएको छ । यस अनुसन्धानात्मक आलेखमा उठाइएको प्रमुख प्राज्ञिक जिज्ञासा वा दाबीलाई पुष्टि गर्न स्नातक तहको ऐच्छिक नेपालीको पाठ्यक्रमको रूपरेखा र त्यस तहमा पठनपाठनका निम्ति निर्धारित आधुनिक नेपाली गीत तथा गजललाई तथ्य सङ्कलनको स्रोत बनाइएको छ । सङ्कलित तथ्यहरूको वस्तुनिष्ठ विश्लेषण वा अर्थापनका निम्ति मूलतः विश्लेषणात्मक विधिको अवलम्बन गरिएको छ ।

## गीत तथा गजलको सैद्धान्तिक अवधारणा

स्नातक तहको चौथो वर्षमा पठनपाठन हुने 'आधुनिक नेपाली गीत तथा गजल' शीर्षकको पाठ्यांशलाई पाठ्यविषय बनाउनुको औचित्यसँग सम्बन्धित प्रस्तुत अध्ययनमा गीत र गजल कस्ता विधा हुन् भन्ने तथ्यगत प्रश्नको सैद्धान्तिक निराकरण गर्नु उचित देखिन्छ । गीत र गजलको सैद्धान्तिक र साहित्यिक स्वरूपको सङ्क्षिप्त विमर्श निम्नानुसार गरिएको छ :

### (क) गीतको सैद्धान्तिक चिनारी

गीत पद्यमा लेखिने सरल, सङ्क्षिप्त, आख्यानरहित गेय र आत्मपरक रचना हो । गीतलाई कविताकै उपविधाका रूपमा लिइन्छ । साहित्यका नाटक, कविता आख्यान तथा निबन्ध गरी प्रमुख चार विधाहरू देखिन्छन् । आख्यानका प्रमुख उपविधा कथा र उपन्यास भए जस्तै कविताका उपविधाका रूपमा मुक्तक, गीत, गजल, गीतिकविता, फुटकर कविता, लामा कविता, खण्डकाव्य, महाकाव्य जस्ता रचनाहरू देखिएका छन् (बराल, २०७०, पृ. २०) । यस मतमा गीत र गजल कविताकै उपविधाका रूपमा रहने रचना हुन् भन्ने स्पष्ट विचार पाइन्छ । गीतलाई बुझाउन अङ्ग्रेजीमा 'सङ' (song), 'लिरिक' (Lyric), लिरिक्स जस्ता शब्दहरू प्रयोग भएको पाइन्छ । गाइसकिएको रचनालाई 'सङ' (song) प्रयोग भएको देखिन्छ भने गाउने उद्देश्यले लेखिएको रचनालाई पनि 'सङ' नै भनिएको पाइन्छ । ग्रिसेली भाषाको 'लुरिकोस' (Lyrikos) बाट विकसित भएका 'लिरिक' (Lyric) र 'लिरिक्स' (Lyrics) शब्दहरूले पनि क्रमशः गाउन तयार पारिएको रचना र गाइसकिएको रचना भन्ने अर्थ प्रदान गरेको भेटिन्छ (कडन, सन् १९९९, पृ. ४८१) । माथिको भनाइमा गीत गाउनका लागि तयार गरिएको वा गाइसकिएको रचना हो भन्ने विचार प्रकट भएको छ ।

'लिरिक' लायर नामक वाद्ययन्त्रसँग गाइने रचना हो । प्राचीन ग्रिसेली वाद्ययन्त्रलाई 'लायर' (Lyre) भनिन्छ (चाइल्डस र फ्लावर, सन् २०१६, पृ. १३२) । 'लायर' सँग गाइने रचनालाई प्राचीन ग्रिसेलीहरूले 'लिरिक' भनेका हुन् । 'लिरिक' मा वक्ताको विचार वा भाव व्यक्त गरिएको गेयात्मक र आत्मनिष्ठ अभिव्यक्ति पाइन्छ । 'लिरिक' सङ्क्षिप्त प्रकारका आत्मपरक र गेय रचना हुन् (अब्रम्ज, सन् २०००, पृ. १४६) । माथिका सबै मतलाई मन्थन र विमर्श गर्दा गीत पद्यमा लेखिने सरल, सङ्क्षिप्त, आख्यानरहित, आत्मपरक र गेय अभिव्यक्ति नै हो भन्ने निष्कर्ष प्राप्त हुन्छ । नेपाली

साहित्यमा हाल प्रचलित साहित्यिक गीतहरू पनि पाश्चात्य ग्रिसेली 'लिरिक' कै ढाँचाका आत्मनिष्ठ र गेय रचनाका रूपमा देखिन्छन् ।

नेपालीमा प्रयुक्त 'गीत' शब्दको निर्माण 'गै' धातुमा 'क्त' प्रत्यय लागेर भएको हो । यसको सरल र शाब्दिक अर्थ गाइएको वा गाउनका लागि रचना गरिएको सिर्जना भन्ने हुन्छ (लुइटेल, २०६७, पृ. १) । गीतलाई 'गाना' शब्दले पनि चिनाइन्छ । गानाको सम्बन्ध गेयतासँग रहेको छ । त्यसर्थ गीत वा गाना भन्नाले लयात्मक वा गेय गुणले भरिएको सुन्दर रचनालाई बुझिन्छ । मार्टिन ग्रे भन्ने काव्यचिन्तकले सङ्गीतको समावेशले चिनिने आफ्नै अस्तित्व भएको छोटो प्रगीतात्मक कविताका रूपमा गीतलाई अर्थ्याएका छन् (लुइटेल, २०६७, पृ. ६ मा उद्धृत) । नेपाली साहित्यका समालोचक मोहनराज शर्माले गीत पद्यको छोटो, आख्यानरहित गेय र भावविचारको तीव्र अभिव्यक्ति भएको रचना हो भनी परिभाषित गरेका छन् (शर्मा, २०५५, पृ. १७१) । यस परिभाषाले गीतलाई अत्यधिक लययुक्त, अनुभूतिप्रधान, सङ्क्षिप्त, संवेगात्मक, भाव वा विचारको एकलताले भरिएको सुललित रचनाका स्वरूपमा चिनाएको छ । यही परिभाषाका आधारमा विश्लेषण गर्दा गीतमा वस्तु, संरचना, अप्रस्तुतविधान, लयविधान र भाषाप्रयोग जस्ता मूल तत्त्वहरू रहन्छन् ।

वस्तु गीतको मूल तत्त्व हो र यसलाई गीतको विषयवस्तु, भाव वा विचारका रूपमा विश्लेषण गरिन्छ । संरचना भन्नाले गीतमा स्थायी र अन्तरासहितको सङ्क्षिप्त वृत्तात्मक ढाँचा भन्ने बुझिन्छ । अप्रस्तुतविधान भन्नाले बिम्ब, प्रतीक, मानवीकरण, उपमा, रूपक जस्ता गीतको अलङ्कारविधान भन्ने शिल्प बुझिन्छ । लयविधानभित्र गीतको गेयता र छन्दोबद्धता पर्दछन् भने भाषाप्रयोगले गीत प्रस्तुत गर्ने माध्यम वा साधनतत्त्वको कार्य गर्दछ । गीतको स्वरूपलाई सार्थक र आकर्षक बनाउने मूल तत्त्व वा प्रमुख संरचक घटकका रूपमा माथिका यी पाँच अवयवले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

स्नातक तहको चौथो वर्षमा ऐच्छिक नेपालीअन्तर्गत पठनपाठन हुने नेपाली गीतहरू खास गरी २००० को दशकदेखि स्वच्छन्दतावादी कवि लक्ष्मीप्रसाद देवकोटा लगायतका स्रष्टाहरूले प्रवर्तन गरेका साहित्यिक गीतहरू हुन् । २००७ मा रेडियो नेपालको स्थापनापछि यस्ता काव्यगीतहरूको प्रसारणमा तीव्रता आएको देखिन्छ । २०१० को दशकदेखि स्थापित र विकसित हुँदै आएका स्वच्छन्दतावादी गीतिधारा र प्रगतिवादी गीतिधाराका कलात्मक काव्यगीतलाई स्नातक तहको ऐच्छिक नेपाली विषयमा आधुनिक नेपाली गीतका रूपमा पठनपाठनको विषय बनाइएको छ । प्रेमरसले ओतप्रोत भएका र देशोत्थानको आह्वान गरिएका विविध शैली र सौन्दर्यसहितका गीतहरूको आस्वादन गराउने उद्देश्यले निर्धारित गीतिरचना समावेश भएका देखिन्छन् ।

## (ख) गजलको सैद्धान्तिक चिनारी

गजललाई अरबी भाषाको स्त्रीलिङ्गी शब्द मानिन्छ र यसको व्युत्पत्तिगत अर्थ 'प्रेमी तथा प्रेमिकाबिचको वार्तालाप' भन्ने हुन्छ । अरबी भाषामा गजल लेखेको नभेटिएकाले गजल लेखनको प्रारम्भ भने फारसीबाट

सुरू भएको मानिन्छ । फारसीबाट उर्दू, हिन्दी हुँदै गजल नेपाली भाषामा प्रवेश गरेको हो (बराल, २०६०, पृ. ३१६) । गजल शब्दको स्रोतका बारेमा विभिन्न मतमतान्तर पनि पाइन्छ । गजल शब्दलाई कसैले अरबी, कसैले फारसी, कसैले संस्कृत र कसैले त अङ्ग्रेजीको अपभ्रंश पनि मानेका छन् (लुइटेल, २०६७, पृ. ७१) । माथिका मतहरूबाट गजलको व्युत्पत्ति र अर्थका बारेमा भिन्नभिन्न भनाइहरू छन् भन्ने स्पष्ट हुन्छ । 'गजल' शब्द अरबी हो भन्नेहरूले यो शब्द 'गजल्' बाट व्युत्पन्न हो र यसको अर्थ, नखरा, यौनकविता, विलास हुन्छ भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् । अरबीको 'गजला' शब्दबाट गजल व्युत्पन्न भएको भन्ने मतमा यसको अर्थ हरिणको बच्चो हुन्छ भन्ने पाइन्छ । हरिणको बच्चालाई लागेको वाणको तीरबाट घायल मृग शब्दको मार्मिक स्वरजस्तै रचनालाई गजल भनिन्छ भन्ने मत पनि देखिन्छ (ब्राजाकी, २०५५, पृ. १५२) । अङ्ग्रेजीमा 'घजल' शब्दको प्रयोग गरिएको देखिन्छ (बराल, २०६४, पृ. ६) । 'गजल' संस्कृतको 'कज्जल' बाट व्युत्पन्न शब्द हो भन्ने दृष्टिकोण पनि पाइन्छ । 'कज्जल' को अर्थ काजल वा गाजल भन्ने हुन्छ ।

गजलको व्युत्पत्ति र यसले प्रदान गर्ने अर्थका बारेमा भिन्न भिन्न दृष्टिकोण रहेको पाइए पनि 'ग', 'ज' र 'ल' व्यञ्जनमध्ये 'ग' र 'ज' व्यञ्जनपछि 'अ' स्वर लागेर बनेको 'गजल' शब्दको प्रेमसँग सम्बन्धित अर्थका कारण यसले विशेष किसिमका प्रेमसम्बन्धी कवितालाई बुझाउन थालेको पाइन्छ । गजललाई निश्चित प्रकारका छन्द अनि अनुप्रास प्रयोग हुने शास्त्रीय नियममा बाँधिएपछि यसले वर्तमान गजलले दिने अर्थ बुझाउन थालेको हो । आज 'गजल' शब्दको साहित्यिक अर्थ प्रेम तथा अन्य विषयसँग सम्बन्धित खास प्रकारको संरचना भएको लघु रूपको सङ्गीतप्रधान कविताविशेष हो भन्ने मानिन्छ (बराल, २०६४, पृ. ८) । प्रेममा मात्र विषयबद्ध हुने रचनाका रूपमा प्रारम्भिक अवस्थामा चिनिए पनि हाल जीवनजगत्का अनेक विषय लिएर सङ्क्षिप्त रूपमा प्रकट हुने कविताको प्रगीतात्मक रचना भनेर गजल चिनिएको छ ।

गजललाई काव्यशास्त्रीहरूले अनेक किसिमले परिभाषित गरेका छन् । सरदार मुजाबरले रदिफ, काफिया, मतला र मक्ताको सफल निर्वाह गरिएको रचनालाई गजल भन्न सकिने विचार प्रकट गरेका छन् । उर्दू-हिन्दी शब्दकोशमा पाँचदेखि एघार सेर हुने उर्दू र फारसी एक प्रकारका रूपमा चिनाइएको छ भने बृहत् हिन्दी शब्दकोशमा प्रेमविषयप्रधान फारसी उर्दूका मुक्तक काव्यको एक भेद गजल हो भनी परिभाषित गरिएको छ (लुइटेल, २०६७, पृ. ७४ मा उद्धृत) । गजलसम्बन्धी परिभाषामा प्रेमविषयक भनेर सीमित गरिए पनि गजल विविध विषयमा लेखिन थालेको छ । यसलाई मौलिक रूपमा फरक किसिमले परिभाषित गर्न सकिन्छ । प्रेम तथा प्रेमेतर विषयमा सङ्क्षिप्त स्वरूपमा रचना गरिने कविताको प्रगीतात्मक भाषिक संरचनालाई गजल भनिन्छ । यसै परिभाषाका आधारमा गजलको स्वरूपलाई चिनाउन सकिन्छ ।

गजलको स्वरूपमा पाइने विषय प्रेम वा प्रेमेतर हो । सङ्क्षिप्त आयाममा यसको रचना गरिन्छ । यो प्रगीतात्मक संरचनामा निर्माण हुने भएकाले यो लयात्मक र गेयात्मक हुन्छ । गजल विशिष्ट भाषाका

माध्यमले प्रकट हुने सुन्दर रचना हो । यसलाई कविताकै उपविधाका रूपमा लिइन्छ । गजलमा बराबरी लम्बाइका एउटै छन्द भएका दुई दुई पङ्क्तिका घटीमा तीन सेर रहन्छन् । गजलका हरेक सेर आफैमा पूर्ण कविता हुन्छन् । गजलका यस्ता सेरहरू मुक्तककै समकक्षी स्वरूपका देखिन्छन् ।

गजलको संरचनामा सेर, मतला, मकता, मिसरा, काफिया, रदिफ, तखल्लुस, बहर जस्ता शास्त्रीय नियममा आधारित एकाइहरू रहेका हुन्छन् । गजलको सेर भन्नाले एउटै छन्द वा बहरमा लेखिएका दुई पङ्क्तिको एक श्लोक हो भन्ने बुझिन्छ । गजलको पहिलो सेरलाई मतला वा मत्ला भनिन्छ । मतलाको अर्थ सुरू हुनु भन्ने हुन्छ । गजलको अन्तिम सेरलाई मकता वा मक्ता भनिन्छ । 'मकता' को सोझो अर्थ काटिएको भन्ने हुन्छ । गजलको सेर निर्माण गर्ने प्रत्येक पङ्क्तिलाई मिसरा भनिन्छ (लुइटेल, २०६७, पृ. ७५) । अरबी भाषाको 'काफिया' भन्ने शब्दले 'बारम्बार' भन्ने अर्थ प्रदान गर्छ । यसको साहित्यिक अर्थचाहिँ 'अनुप्रास', 'अन्त्यानुप्रास' वा 'तुकबन्दी' हुन्छ (बराल, २०६४, पृ. २९) । गजलको काफिया भनेको नै आनुप्रासिक शब्द हो । त्यस्तै 'रदिफ' पनि गजलको संरचनामा प्रयोग हुने अर्को एकाइ हो । गजलमा काफियाका पछि राखिने शब्द वा शब्दसमूहलाई 'रदिफ' भनिन्छ । रदिफको अर्थ नै पछि आउने वा बस्ने भएकाले यो गजलको काफियापछि बस्ने एकाइ मानिन्छ । गजलकारले प्रायः गजलको अन्तिम सेरमा राख्ने नाम वा उपनामलाई तखल्लुस भनिन्छ । यो तखल्लुस कहिलेकाहीँ गजलको बिचमा पनि राखिन्छ । गजलमा प्रयुक्त हुने अर्को एकाइ बहर हो । बहर भनेको छन्द हो । संस्कृत काव्यशास्त्रमा कवितामा प्रयोग हुने शास्त्रीय छन्द जस्तै इस्लामिक काव्यपरिपाटीमा गजल रचनाका निम्ति शास्त्रीय बहरहरू रहेका हुन्छन् ।

गजलका तत्त्व वा घटकहरूमा भाव वा विषयवस्तु, सङ्गीत, अलङ्कारविधान र भाषाप्रयोग प्रमुख रूपमा रहन्छन् । यी तत्त्वहरूलाई मौलिक रूपमा कथ्य, लयविधान, अप्रस्तुतविधान र भाषाप्रयोग गरी प्रमुख तत्त्वका रूपमा लिइन्छ । गजलमा प्रयोग हुने विषयवस्तु वा भावलाई कथ्य भनिन्छ । गजलमा प्रयुक्त हुने कथ्य भावमय हुन्छ । गजल कविताको प्रगीतात्मक भेद हो । प्रगीतात्मक भएकाले यसमा सघन लयको अपेक्षा गरिन्छ । गजल कुनै त छन्दमा रचिनु लय वा सङ्गीत तत्त्वकै आवश्यकताले गर्दा हो । यसमा प्रयोग हुने बहर, आनुप्रासिकताको प्रयोगले यसको लयविधान सशक्त बनेको हुन्छ । गजलमा प्रयोग हुने बिम्ब, प्रतीक, मानवीकरण, रूपक, उपमा आदि अलङ्कारविधान नै गजलका अप्रस्तुतविधानको घटकभित्र समेटिने शैलीशिल्पका सुन्दर तत्त्व हुन् । गजललाई आस्वाद्य, संप्रेष्य र व्यञ्जक बनाउने तत्त्व पनि अप्रस्तुतविधान नै हो । गजल पनि गीत जस्तै सङ्गीतप्रधान भाषिक रूपमा प्रकट हुन्छ । भाषाप्रयोग पनि गजलको प्रमुख तत्त्व वा मूल घटक नै हो । छोटो आयामको विशिष्ट लयात्मक र मूलतः प्रणयमूलक विषयवस्तुमा रचिने गजल गीत जस्तै मनोहरपूर्ण स्वरूप भएको प्रगीतात्मक कविताको एउटा प्रकार मानिन्छ ।

इरानमा दसौँ शताब्दीमा रूदकीबाट गजल लेखनको प्रारम्भ भएको मानिन्छ भने भारतमा तेह्रौँ शताब्दीबाट गजल लेखनको आरम्भ भएको स्विकारिन्छ । नेपालमा मोतीराम भट्टद्वारा गजल लेखनको

वीजाङ्कुरण भएको मानिन्छ (बराल, २०६४, पृ. ३३६) । नेपालमा प्रारम्भिक चरणतिर मूल रूपमा शृङ्गारिक र अंशतः भक्ति तथा देशभक्तिका गजल लेखिएको पाइन्छ । २०३६ सालपछि कथ्यगत विविधता भित्रिएको र गजलको विकास र विस्तार पनि व्यापक रूपमा भएको पाइन्छ । नेपालमा गजलको क्षेत्रमा योगदान गर्नेहरू मोतीराम भट्ट, शम्भुप्रसाद ढुङ्गेल, भीमनिधि तिवारी, उपेन्द्रबहादुर जिगर, ज्ञानुवाकर पौडेल, ललिजन रावल, मनु ब्राजाकी उल्लेखनीय रहेका देखिन्छन् । नवोदित गजलकारहरूले लेखेका सुन्दर गजलहरूको बोध, आस्वादन र विश्लेषणको खाँचो पनि बढ्दै गएको छ ।

स्नातक तहमा ऐच्छिक नेपाली अध्ययन गर्ने विद्यार्थीहरूमा प्रणय, मानवता, देशभक्ति जस्ता विषयको बोध, आस्वादन र साङ्गीतिक कलाचेतना वृद्धि गर्ने उद्देश्यले गजलको पठनपाठन गराउन खोजेको देखिन्छ । विद्यार्थीहरू स्वयम्मा गजल सिर्जनाको उत्प्रेरणा प्राप्त गराउने र विभिन्न गजलकारले रचेका गजलहरूको विवेचना गर्ने सर्वाङ्गीण ज्ञान र सिप हासिल गराउन पनि पाठ्यक्रममा निर्धारित गजलहरू राखिएको हो ।

## स्नातक तहमा समाविष्ठ गीतगजलहरू

चार बर्से बी.ए. को पाठ्यक्रम (२०७६) ले ऐच्छिक नेपालीको पठनपानबाट विद्यार्थीहरूमा साहित्यिक विधाको सैद्धान्तिक, ऐतिहासिक ज्ञान र समालोचनात्मक, सिर्जनात्मक सिपको विकास गराउने विषयगत उद्देश्य राखेको छ । ऐच्छिक नेपाली अध्ययन गर्ने स्नातक तहका विद्यार्थीहरूलाई प्रस्तुत पाठ्यक्रमले नेपाली भाषा, साहित्य र लोकसाहित्य जस्ता तीन मुख्य क्षेत्र निर्धारण गरी हरेक क्षेत्रका विधा, उपविधा र विभिन्न पक्षको आधारभूत ज्ञान प्राप्त गर्दै त्यसको विशिष्ट प्रयोग गर्न सक्षम बनाउने प्रयोजन बोकेको छ । नेपाली विषयको चार बर्से बी.ए. को पाठ्यक्रमको पत्रगत रूपरेखा २०७६ पृ. १ मा उल्लेख भएअनुसार स्नातक तहको चौथो वर्षमा पठनपाठन गरिने पाठ्यांश कोड नेपाली ४२४(ख) अन्तर्गतको 'आधुनिक नेपाली गीत तथा गजल' नेपाली साहित्यको क्षेत्रमा पर्ने कविताको उपविधा हो । गीत र गजलको सैद्धान्तिक ज्ञान मात्र होइन नेपाली साहित्यमा यसको ऐतिहासिक विकास प्रक्रियाको आधारभूत ज्ञान प्राप्त गरी नेपाली परिवेश, संस्कृति र नेपाली जीवनका विशिष्टताको चित्रण गर्दै प्रकृति, प्रेम, देशभक्ति, मानवता जस्ता विविध भाव वा विषयमा सुन्दर गीत तथा गजल सिर्जना गर्ने र अरू स्रष्टाले सिर्जना गरेका गीतगजलको समेत वस्तुनिष्ठ समीक्षा गर्न सक्ने सिपआर्जनको उद्देश्य स्नातक तहको पाठ्यक्रमले राखेको पाइन्छ । स्नातक तहको समग्र चार वर्षमा ऐच्छिक नेपाली विषयअन्तर्गत विद्यार्थीहरूलाई भाषा, लोकसाहित्य र साहित्यको बहुआयामिक ज्ञान र सिप प्रदान गर्ने उद्देश्य राखिएको छ । यस अनुसन्धानात्मक आलेखको विवेच्य विषय आधुनिक नेपाली गीत तथा गजलका सन्दर्भमा पाठ्यक्रमले निम्न पक्षहरूको ज्ञान र सिप दिलाउने लक्ष्य राखेको देखिन्छ :

(क) नेपाली गीतको स्वरूप, तत्त्व, प्रकार र नेपाली गीतको विकास प्रक्रियाका साथै प्रमुख नेपाली गीतकार र तिनका प्रतिनिधि गीतहरूको प्रवृत्तिगत विशेषताको विवेचना गर्ने,

(ख) गजलको विधागत चिनारीका साथै नेपाली गजलको विकास प्रक्रिया, प्रमुख नेपाली गजलकार र तिनका प्रतिनिधि गजलहरूको प्रवृत्तिगत विशेषताको विवेचना गर्ने ।

उपर्युक्त उद्देश्य प्राप्तिका लागि प्रस्तुत पाठ्यक्रममा निम्नलिखित गीत गजलको पाठ्यांश निर्धारण गरिएको देखिन्छ :

**एकाइ एक – नेपाली गीतको अध्ययन**

नेपलिी गीतको अध्ययनका निम्ति निर्धारित गीतकार र तिनका निम्न गीतहरूलाई पाठ्यांशमा समावेश गरिएको छ :

(१) लक्ष्मीप्रसाद देवकोटा - गाइने
(२) माधव घिमिरे - गाउँछ गीत नेपाली
(३) गोकुल जोशी - जीवनगीत
(४) क्षेत्रप्रताप अधिकारी - म त लाली गुराँस भएछु
(५) रत्नशमशेर थापा - आँखैमा रात गली
(६) कालीप्रसाद रिजाल - आँखा छोपी नरोऊ भनी
(७) दुर्गालाल श्रेष्ठ - फूलको आँखामा
(८) दैवज्ञराज न्यौपाने - आँखा बन्छन् पानी
(९) राजेन्द्र थापा - पोहोर साल खुसी फाट्यो
(१०) कृष्णहरि बराल - कता पुग्नु पर्ने कता गइरहेछु
(११) श्याम तमोट - गाउँगाउँबाट उठ
(१२) दिनेश अधिकारी - पहाडमा जाडो बढे

**एकाइ दुई – गजलको अध्ययन**

नेपाली गजलको अध्ययनका निम्ति निर्धारित गजलकार र तिनका निम्न गजलहरूलाई पाठ्यक्रममा समावेश गरिएको छ :

(१) भीमनिधि तिवारी - म माहुरी हुँ मैयाँ
(२) उपेन्द्रबहादुर जिगर - इसारा गरी गरी
(३) ज्ञानुवाकर पौडेल - ओइली झरेछ फूल
(४) ललिजन रावल - नखोलेरै राखिएको

(५) धीरेन्द्र प्रेमर्षि - गजल २७ (गजल सङ्ग्रहबाट)
(६) बुँद राना - गरिबको खुन बरै
(७) गोपाल अश्क - आशैआशमा यो जिन्दगी
(८) विजय सुब्बा - गजल १५ आखिर मान्छे पनि...
(चार वर्षे बी.ए. को पाठ्यक्रम २०७६ बाट)

स्नातक तहको ४ बर्से ऐच्छिक नेपालीमा ३० पूर्णाङ्कको गीत र २० पूर्णाङ्कको गजलको पाठ्यभार निर्धारण गरिएको देखिन्छ । गीतमा लक्ष्मीप्रसाद देवकोटादेखि दिनेश अधिकारीसम्मका १२ जना गीतिस्रष्टाका गीतहरू पठनपाठनका निम्ति चयन गरिएका छन् । गजलमा भीमनिधि तिवारीदेखि विजय सुब्बासम्मका ८ जना गजलकारहरूका गजलहरू पाठ्यक्रममा समावेश भएका देखिन्छन् । आधुनिक नेपाली गीतका प्रवर्तक लक्ष्मीप्रसाद देवकोटा नै भएकाले उनको गीतलाई पाठ्यक्रममा समावेश गर्नु न्यायोचित देखिन्छ । त्यसै गरी विषयवस्तु र शैलीको विविधता आधुनिक नेपाली गजलमा भित्र्याउने र मेरी बयासी गजल (१९९४) र बयासी र बीस गजल मेरी (२००२) जस्ता सङ्ग्रहका माध्यमबाट नेपाली गजल साहित्यलाई संवृद्ध बनाउने स्रष्टा भीमनिधि तिवारीको 'म माहुरी हुँ मैयाँ' जस्तो कलात्मक गजल पाठ्यक्रममा समावेश गर्नु रचनागत गुणस्तरका दृष्टिले पनि उचित देखिन्छ । पाठ्यक्रममा समाविष्ठ गीत, गजल तथा तिनका स्रष्टाहरू चर्चित, स्तरीय र उत्कृष्ट रहेका छन् । निर्धारित रचनाहरू पनि कलात्मक तथा नेपाली जनजीवनको बहुमुखी छविलाई प्रतिबिम्बित गर्ने किसिमका देखिन्छन् ।

## पाठ्यक्रममा निर्धारित गीतगजलको औचित्य र महत्त्व

चार बर्से स्नातक तहमा निर्धारित पाठ्यांश कोड नेपाली ४२४(ख) अन्तर्गत समावेश भएका आधुनिक नेपाली गीत तथा गजलका स्रष्टाहरू स्थापित, लोकप्रिय र आधुनिक गीतगजलका क्षेत्रमा उल्लेखनीय योगदान भएका देखिन्छन् । स्नातक तहको पाठ्यक्रम (२०७६) ले नेपाली गजललाई भन्दा गीतलाई बढी पाठ्यभार प्रदान गरेको छ । राष्ट्रिय सूचना तथा सन्देशको प्रभावकारी माध्यम हुनु, सरल साहित्यका रूपमा नेपाली जनताको संवेदनाको दोहन गर्न सक्नु, राष्ट्र, राष्ट्रियता र वीरपूर्वजप्रतिको महिमागान गर्दै देशभक्ति तरङ्गित गराउनु जस्ता प्रभावकारी कलात्मक साधन भएकाले गीतको पठनपाठनको अङ्कभार बढी राखिनु औचित्यपूर्ण देखिन्छ । २००७ सालमा रेडियो नेपालको स्थापना भएदेखि नै नेपाली गीतको श्रवण प्रसारणमा व्यापकता आएको हो । गीतको तुलनामा गजलको विषयवस्तुले विविधताको फराकिलो क्षेत्र ग्रहण गर्न सकेको छैन । प्रणय नै गजलको केन्द्रीय भाव रहँदै आएको र यसको प्रारम्भिक पहिचान नै प्रेममय रचनाका रूपमा देखिएकाले आधुनिक नेपाली गीतले जति देशभक्ति, सामाजिक यथार्थ, मानवता र विविध विषय क्षेत्रलाई गजलले समेट्न अभै सकेको देखिँदैन । साहित्यिक लालित्य, सरलता र श्रव्यरमणीयताका कारण पाठकश्रोताको संवेदनाको तीव्र दोहन गर्ने र सन्देशसम्प्रेषणको प्रभावकारी माध्यम बन्दै आएकाले गजललाई भन्दा गीतलाई

पाठ्यक्रमले बढी महत्त्व दिएको हो । गीतलाई स्नातक तहको नेपाली विषयको पाठ्यक्रममा अनिवार्य र ऐच्छिक दुवैतिर फुटकर कवितासरह प्रथामिकतामा राख्नु समुचित देखिन्छ । साहित्यप्रति अभिरूचि भएका किशोर किशोरी, युवायुवती, विद्यार्थी र स्वतन्त्र साहित्यानुरागीहरू पछिल्लो समयमा गजल सिर्जनामा आकर्षित हुँदै आएका देखिन्छन् । ऐच्छिक नेपाली विषय रोजेर पढ्ने विद्यार्थी यस लोकप्रिय उपविधा गजलका क्षेत्रमा सिर्जनशील बन्न सकोस् भन्ने अभिप्रायले ३०% को आन्तरिक मूल्याङ्कन गर्दा प्रायोगिक कक्षाका रूपमा गजल सिर्जना गर्ने, कक्षा प्रस्तुतिका रूपमा गजल वाचन गर्ने र सहपाठीद्वारा सिर्जना गरिएको गजललाई समालोचकीय चेत प्रयोग गरी टिप्पणी गर्न लगाउने, कक्षापत्रका रूपमा गजलकै सिर्जना र विवेचना गर्ने अवसर दिने लगायतका क्रियाकलाप सञ्चालन हुने प्रावधान राखिएको छ । आधुनिक नेपाली गीतको पठनपाठनमा पनि गीतको सिर्जना, विवेचना, गायन, वाचन, वाद्यवादन, कक्षापत्र लेखन जस्ता अन्तर्क्रियात्मक र सहभागितामूलक शिक्षणविधि अपनाउन पाठ्यक्रमले निर्देश गरेको छ ।

'आधुनिक नेपाली गीत तथा गजल' सहभागिता र सिकाइमा आधारित पाठ्यक्रमको प्रायोगिक क्रियाकलाप गर्न अनुकूल हुने पाठ्यांश हो । विद्यार्थीले अनुभूत गरेको नेपाली परिवेश, जीवनरीति, नेपालको सांस्कृतिक सामाजिक यथार्थ, प्राकृतिक भौगोलिक परिवेशलाई कलात्मक रूपमा सरल तरिकाले अभिव्यञ्जित गर्न गीतगजल अत्यन्त सहज र अनुकूल रचना हुन् । बदलिँदो विश्वपरिवेश, नेपालीहरूले भोगेका जटिल जीवनका समस्या, जातीय सङ्कीर्णता, स्वार्थ, शोषण, भेदभाव, नेपाली जनजीवनका विविधता र सुन्दरता आदि यावत् विषय सिर्जना गरी शिक्षकले गीतगजलको लेखन, वाचन, प्रस्तुतीकरण र समीक्षणमा विद्यार्थीलाई प्रोत्साहन गर्न यो पाठ्यांश निकै सहज, रोमाञ्चक र प्रायोगिक प्रकृतिको सिद्ध हुने देखिन्छ । विद्यार्थीको जीवनसंस्कारमा परिमार्जन गर्न, पठनरूचि सबल बनाउन, अनुभव र सहभागितामा आधारित सिकाइलाई प्रोत्साहन गर्न र विद्यार्थीलाई वैयक्तिक पठनमा रूचि जगाई धेरै पुस्तक पढ्ने बानीको विकास गराउन गीतगजलको पाठ्यांश स्नातक तहमा समावेश गर्नु औचित्यपूर्ण र महत्त्वपूर्ण देखिन्छ ।

गीत गजलको प्रायोगिक पठनपाठनले विद्यार्थीलाई साहित्यिक सामग्रीको विषय, भाव, शैलीशिल्प आदिको विश्लेषण गर्न उत्साहित गर्ने भएकाले उनीहरूको आलोचनात्मक चेतको विकासका लागि पनि यस पाठ्यांशको महत्त्व उच्च छ भन्ने पुष्टि हुन्छ । सहपाठीको रचना सुन्न, आफ्नो रचना प्रस्तुत गर्न र रचनाको सबल र दुर्बल पक्षका बारेमा टिप्पणी गर्न कक्षामा लगाउँदा गीतगजलको पठनपाठनले विद्यार्थीको अभिव्यक्ति क्षमता समेत वृद्धि हुन्छ । गीतगजलको पठन, वाचन र विश्लेषणबाट विद्यार्थीले अनुभवको परिष्कार गर्न र विशिष्ट भाषाको प्रयोग गर्न समेत सिक्ने भएकाले साहित्यिक विधा उपविधामध्ये गीतगजलको पाठ्यांश स्नातक तहका ऐच्छिक नेपाली अध्ययन गर्ने विद्यार्थीका निम्ति रोचक र महत्त्वपूर्ण देखिन्छ ।

## निष्कर्ष

आधुनिक नेपाली गीत तथा गजल चार बर्से स्नातक तहको ऐच्छिक नेपाली विषयमा चौथो वर्षमा पठनपाठन हुने पाठ्यांश हो । आधुनिक नेपाली गीत कविताकै उपविधाका रूपमा नेपाली साहित्यमा २००० को दशकदेखि स्थापित नवीन रचनाविधान हो । लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन' गीतिखण्डकाव्य (१९९२) पछि लोकलय र गीतिपनको प्रतिष्ठा उच्च हुँदै गएपछि नेपाली साहित्यमा काव्य गीतको स्थापना भएको हो । तिनै काव्य गीतलाई आधुनिक नेपाली गीत भनिएको हो । गायन र प्रसारणमा रहेका गायन प्रसारणमा आइनसकेका साहित्यिक गीतलाई हालको पाठ्यक्रम (२०७६) ले स्नातक तहमा पाठ्यविषयका रूपमा समावेश गरेको छ । त्यसै गरी अरबी, फारसी र हिन्दी हुँदै नेपाली साहित्यमा १९९० कै दशकदेखि प्रवेश गर्न लागेको गजल पनि हाल निकै लोकप्रिय उपविधाका रूपमा देखिन्छ । स्नातक तहको चौथो वर्षमा ऐच्छिक नेपाली विषयमा ३० पूर्णाङ्कको आधुनिक नेपाली गीत र २० पूर्णाङ्कको गजलको पठनपाठन हुने प्रावधान पाठ्यक्रममा देखिन्छ । यस पाठ्यांशले विद्यार्थीलाई सिङ्गो राष्ट्रिय संस्कृति बुझ्न, नेपाली समाजका विविधता, विशिष्टता र त्यसभित्रको एकताको भावना बोध गर्न उत्प्रेरक सामग्रीको काम गरेको छ । नेपाल राष्ट्रलाई भित्रैदेखि सबल बनाउन नेपाली संस्कृति, भूगोल, प्रकृति, पूर्वजको त्याग, नेपाली नेपाली बिचको सुमधुर सम्बन्ध, विविध प्रकारका नेपाली जीवनरीति र प्रवृत्तिको गहिरो ज्ञान आवश्यक हुन्छ र यो ज्ञान र संस्कार साहित्यले प्रदान गर्दछ । साहित्यिक विषयका रूपमा पठनपाठन हुने आधुनिक नेपाली गीत तथा गजलले विद्यार्थीमा उच्चतम जीवन संस्कार प्राप्त गर्न उत्प्रेरित गर्ने, राष्ट्रप्रेमको भावना सबल बनाउने, सामाजिक सद्भावको बोध गराउने जस्ता विशिष्ट जीवन चेतनाका लागि सहयोगी बन्ने हुनाले प्रस्तुत पाठ्यांशको महत्त्व शैक्षिक प्राज्ञिक दृष्टिले मात्र होइन राष्ट्रिय भावना सबल बनाउने उच्चतम नतिजाका दृष्टिले पनि महत्त्वपूर्ण देखिन्छ । शैक्षिक दृष्टिले पनि गीतगजलको सिर्जना, वाचन, विश्लेषण र आस्वादन गर्दा गराउँदा पठनपाठन अन्तर्क्रियात्मक प्रायोगिक, सहभागितामूलक र क्रियाकलापमुखी हुने भएकाले समूहकार्य र कक्षाप्रस्तुतिको सहज माध्यम बन्न सक्ने आधुनिक नेपाली गीत तथा गजलको पाठ्यांश स्नातक तहको पाठ्यांशमा पठनपाठनको विषय बन्नु औचित्यपूर्ण छ भन्ने निष्कर्ष प्राप्त भएको छ ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, हेमाङ्गराज (२०४६). *भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अम्ब्रज (सन् २०००). *अ ग्लोसरी अफ लिटरेर टर्म्स.* सातौँ संस्क. इण्डिया : हार्टकोर्ट पब्लिसर्स इन्टरनेशनल कम्पनी ।

कडन, जे.ए. (सन् १९९९). *अ डिक्स्नरी अफ लिटरेरी टर्म्स एन्ड लिटरेरी थियरी.* इन्डिया : पेङ्गुइन बुक्स ।

चाइल्डस, पेटर र फ्लावर, रोजर (सन् २०१६). *द रुटलेज डिक्सनरी अफ लिटरेरी टर्म्स.* इन्डिया : टेलर एन्ड फ्रान्सिस ग्रुप ।

*नेपाली विषयको चारवर्षे बी.ए. पाठ्यक्रम* (२०७६). "पाठ्यक्रमको विषयगत उद्देश्य". काठमाडौँ : मानविकी तथा सामाजिक शास्त्र सङ्काय, पृ. १ ।

बराल, कृष्णहरि (२०६०). *गीत : सिद्धान्त र इतिहास.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

बराल, कृष्णहरि (२०६४). *गजल : सिद्धान्त र परम्परा.* ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि (२०७०). *गीत कसरी लेख्ने ?.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

ब्राजाकी, मनु (२०५५). "गजल परिचय". *नेपाली साहित्य कोश.* सम्पा. ईश्वर बराल र अन्य. काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ. २५३–२५५ ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६७). *नेपाली गीत-गजल भाग १.* ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०५५). *समकालीन समालोचना, सिद्धान्त र प्रयोग.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।